## पाठ - 1
## खाद्दय वस्तुहरूको बिषय

## الدرس الأول - نيبالي
أحكام الأطعمة

अल्लाह सुब्हानहु व तआलाले आफ्नो सेवकहरुलाई पवित्र वस्तुहरु खानको आदेश दिएको छ र फोहर र अपवित्र वस्तुहरुबाट मनाहि गरेको छ, अल्लाह तआलाले भन्नु भयो: ﴿يَا أَيُّهَا الَّذِينَ آمَنُوا كُلُوا مِنْ طَيِّبَاتِ مَا رَزَقْنَاكُمْ﴾ [البقرة:١٧٢]

हे आस्थावानहरु ! जुन पवित्र कुराहरु हामीले तिमीलाई प्रदान गरेका छौं तीनको उपभोग गर ।

असलमा सबै खाने कुराहरु हलाल छन् मात्र त्यस बाहेक जसलाई अल्लाहले छुट्याउनु भएको छ, तसर्थ अल्लाहले आफ्नो मोमिन भक्त हरुलाई लाभ पुर्याउनको लागि पवित्र कुराहरुको अनुमति दिनु भएको छ, र यसै कारण अल्लाहले प्रदान गरेको उपहारलाई पापको कार्यमा प्रयोग गर्नु जायज छैन,

बर्जित गरिएको खान पीनबारे अल्लाहले आफ्नो सेवकहरुलाई तपसिल पुर्वक जानकारि दिनु भएको छ, अल्लाह तआलाले भन्नु भयो :

﴿وَقَدْ فَصَّلَ لَكُمْ مَا حَرَّمَ عَلَيْكُمْ إِلَّا مَا اضْطُرِرْتُمْ إِلَيْهِ﴾ [الأنعام:١١٩]

तिम्रो लागि बर्जित गरिएका सबै कुराहरु एक एक गरी वर्णन गरी सकेको छु, तर त्यस अवस्था बाहेक जब कि ती कुरा खानको निम्ति बाध्य भइहाल्छौं ।

तसर्थ जसलाई हराम गरिएको छैन भने त्यो हलाल छन ।

रसूल ﷺ ले भन्नु भयो «अल्लाहले केहि कुरा अनिवार्य गर्नु भएको छ, त्यसलाई न छोड, र केहि सीमा बन्दि गर्नुको छ, त्यसलाई न नांघ, र केहि कुरा हराम गर्नुको छ, त्यसलाई न गर, र केहि कुराबारे चुप लाग्नु भएको छ, तर बिर्सेर होइन बरु तिमीहर प्रति दयाको कारणले, तसर्थ त्यसको खोज पुछार नगर» (अत्तबरानी) ।

खाने पीउने, लगाउने वस्तुहरु मध्ये यस्तो हरेक वस्तु जसलाई अल्लाह र रसूल ﷺ ले हराम गरेका छैनन भने त्यसलाई हराम गर्नु जायज छैन, नियम यो हो कि त्यो हरेक खाना जुन पवित्र छ र जसमा कुनै प्रकारको हानी छैन भने त्यो जायज छ, र अपवित्र र हानीकारक खाना जायज छैन, जस्तो कि मरेको जनावर, रगत, रक्सी, र चुरोट, र अपवित्रताको मिश्रणको कारणले अपवित्र भएको वस्तु पनि हराम छ किनकि त्यो खराब र हानीकारक छन् ।

र हराम मुर्दा जनावर त्यो हो जसको प्राण इस्लामी नियमले जिबह गरेको बिना गएको होस, र रगत भनेको त्यो रगत जुन् जिबह गर्ने समय जनावरबाट बगिएको हो, तर जिबह गरे पछि मासु र नसाहरुमा बाँचेका रगत जायज छन ।